## मिति २०७९।५।१० गते गोरखापत्रमा प्रकाशित जटामसी संकलन सम्बन्धि विस्तृत सूचना

(क) निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु तथा अन्य विवरण

| घरेलु प्रयोजनका लागि | उद्योगहरुका लागि |
|---|---|
| १. निवेदन (परिमाण, संकलन गर्ने जिल्ला, स्थान)<br>२. अधिकतम ३०० के.जि. सम्म परिमाण खुलाई निवेदन दिनु पर्ने<br>३. नागरिकता र PAN नं दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>४. विभागको आधिकारिक रुपमा उपलब्ध गराइएको इमेल वा विभागमा सोझै निवेदन पेश गर्न सक्ने ।<br>५. इमेल मार्फत वा पेश गरिएका कागजातको आवश्यकता अनुसार माग भएमा सक्कल उपलब्ध गराउनु पर्ने । | १. सम्बन्धित उद्योगले आफ्ना स्थानीय आधिकारिक प्रतिनिधि (फर्म वा व्यक्ति) को नागरिकता र स्थायी लेखा नम्बर, दर्ता प्रमाण पत्रको प्रतिलिपि सहित प्रत्येक जिल्लाका लागि अलग अलग निवेदन<br>२. प्रतिनिधि तोकेको आधिकारिक पत्र ।<br>३. उद्योगको जटामसी प्रशोधन क्षमता खुल्ने कागजात<br>४. उद्योगको आधिकारिक इमेल र ठेगाना<br>५. संकलन गर्न चाहेको जिल्ला र परिमाण<br>६. उद्योग दर्ता, कर चुक्ता प्रमाण पत्र र तल उल्लिखित अन्य कागजातहरु |

१. जटामसी सम्बन्धि राजश्व वा कर तिरेको विगतका वर्षहरुको प्रमाण पेश गर्नु पर्ने ।
२. प्रशोधन उद्योग सन्चालनमा रहेको भनि सम्बन्धित डिभिजन वन कार्यालय वा वनस्पति अनुसन्धान केन्द्रबाट सिफारिस गराई कागजात संलग्न राख्नु पर्ने ।
३. उद्योगहरुले अघिल्लो वर्षहरुमा संकलन इजाजत पाई प्रशोधन गर्न बाँकी मौज्दातको विवरण पेश गर्नु पर्ने ।
४. प्रशोधन उद्योगले एक जना स्थानीय आधिकारिक प्रतिनिधि बाट बढिमा ४,००० के.जी. संकलन गर्न पाउने गरी प्रतिनिधि तोक्नु पर्नेछ ।
५. एक जना स्थानीय आधिकारिक व्यक्ति वा फर्म एक वटा उद्योगको एक वटा जिल्लाको लागि मात्र प्रतिनिधि हुन पाउने छ। एक जना स्थानीय आधिकारिक व्यक्ति वा फर्म घरेलु प्रयोजनको लागि एक वटा जिल्लामा मात्र संकलन सहमति लिन पाउनेछ । घरेलु प्रयोजन र उद्योग प्रयोजनका लागि एकै व्यक्ति वा फर्म दोहोरिन पाइने छैन ।
६. उद्योगहरुले विगतमा सारतत्व उत्पादन तथा बिक्री वितरण र निकासी गरेको परिमाण निवेदनमा खुलाउनु पर्ने ।

(ख) आवेदन मुल्यांकन गर्दा लिन पर्ने आधारहरु तथा अन्य विवरण

७. प्रशोधन उद्योग स्थापना भई प्रशोधन गरेका र निकासी गरिरहेका कम्पनीहरुलाई निकासी कोटा बमोजिमको परिमाण संकलन गर्न पहिलो प्राथमिकता दिने । घरेलु प्रयोजनका लागि छुट्याइएको थप ३० प्रतिशत परिमाण स्थानीय संकलन कर्ता (प्यान नम्बर भएका) लाई प्राथमिकता दिइनेछ ।

८. बढि भन्दा बढि राजश्व वा कर तिरेका उद्योगलाई प्राथमिकता दिइनेछ।

९. विगत वर्षहरुमा जटामसी संकलन अनुमति दिइएको उद्योगहरु मध्ये समयमा स्थानान्तरण इजाजत तथा प्रशोधनका लागि अनुमति लिएका र निकासी गरेका उद्योगहरुलाई प्राथमिकता दिइनेछ।

१०. गत वर्ष संकलन अनुमति दिई छनोटमा परेर पनि राजश्व तिर्न नआएकालाई यस वर्ष प्राथमिकतामा राखिने छैन।

११. संकलन गर्न सकिने परिमाणको राजश्व वन नियमावली, २०७९ को अनुसुची ७ मा उल्लेख भए बमोजिम प्रति के.जी. रु.७५।- का दरले हुन आउने दस्तुर राजश्व बुझाउने सूचना जारी भएको ७ (सात) दिन भित्र वन तथा भूसंरक्षण विभागको कोड नं ३२९०१३५०१ राजश्व शिर्षक ३३३६१ मा बुझाउनु पर्नेछ। उक्त राजश्व सूचना जारी भएको म्याद भित्र नबुझाएमा बाँकी रहेको परिमाण उद्योगलाई प्राथमिकताका आधारमा संकलन गर्न दिइनेछ।

१२. माग गरिएका कागजातहरु एवं विवरणहरु पेश नभएमा निवेदनहरु उपर कुनै कार्वाही गर्न बाध्य हुने छैन।

(ग) अन्य शर्त तथा विवरणहरु

१३. डिभिजन वन कार्यालय/संरक्षित क्षेत्र कार्यालयले तोकेको चारकिल्ला, क्षेत्र भित्र र संकलन अनुमति पत्र बहाल रहने अवधी भित्र मात्र जटामसी संकलन गर्नुपर्नेछ।

१४. सम्बन्धित उद्योगले आफ्ना प्रतिनिधिहरुबाट जटामसी संकलन गराउदा स्वास्थ्य मापदण्डको अनिवार्य रुपमा पालना गर्ने गराउने र यस सम्बन्धमा यस विभागको कुनै पनि दायित्व रहने छैन र यस सम्बन्धमा आवश्यक अनुगमन कार्य सम्बन्धित डिभिजन वन कार्यालय तथा संरक्षित क्षेत्रका कार्यालयहरुले गर्नेछन।

१५. जटामसी संकलन क्षेत्रको अनुगमन डिभिजन वन कार्यालय/संरक्षित क्षेत्र कार्यालय वा मातहतका कार्यालयले जुनसुकै बखत गर्न सक्ने छ। संकलककर्ताले जटामसी संकलन क्षेत्रको अनुगमनमा सहयोग गर्नु पर्नेछ।

१६. संकलनका लागि उल्लेखित परिमाण भन्दा बढी संकलन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१७. संकलनकर्ताले आफूले संकलन गरेको जटामसी डिभिजन वन अधिकृत/संरक्षण अधिकृतले तोकेको स्थानमा घाटगद्दी गर्नुपर्नेछ। अर्को जिल्लामा घाटगद्दी गर्न पाईने छैन। डिभिजन वन कार्यालय/संरक्षित क्षेत्र कार्यालयले सम्बन्धित सब-डिभिजन वन कार्यालय वा पोष्टबाट घाटगद्दीमा भएको जटामसीको नापतौल मुचुल्का प्राप्त भए पछि घाटगद्दी स्थान, परिमाण समेत खुलाई जटामसी लैजान चाहेको स्थानको विवरण तथा ढुवानी मार्ग समेत खुलाई वन तथा भू-संरक्षण विभागमा ओसारपसारको लागि सिफारिस गर्नुपर्नेछ।

१८. डिभिजन वन कार्यालय/संरक्षित क्षेत्र कार्यालयले जटामसी संकलन तथा ढुवानी कार्यको अनुगमन, अभिलेखिकरण गर्ने र सोको प्रतिवेदन आर्थिक वर्षको अन्त सम्ममा वन तथा भू-संरक्षण विभागमा जानकारी पठाउनु पर्नेछ।

१९. संकलन अनुमति लिन आउँदा पेश गरिएका कागजातहरुको सक्कल पेश गरी रुजु गराउनु पर्नेछ।